आज मिति २०८३/०५/०४ गतेका दिन बिहान ०८:०० बजे यस फलेवास नगरपालिकाका नगरप्रमुख श्री गंगाधर तिवारीज्यूको अध्यक्षतामा बसेको कार्यपालिका बैठकमा देहाय बमोजिमको उपस्थिति रहेको छ ।

उपस्थितिः

| क.सं. | पद | नामथर | हस्ताक्षर |
|---|---|---|---|
| १ | प्रमुख | श्री गंगाधर तिवारी | |
| २ | उपप्रमुख | श्री शोभा कुमारी क्षेत्री | |
| ३ | वडाध्यक्ष | श्री चोलाकान्त पाध्या | |
| ४ | वडाध्यक्ष | श्री गंगा नारायण श्रेष्ठ | |
| ५ | वडाध्यक्ष | श्री अर्जुनबहादुर कार्की | |
| ६ | वडाध्यक्ष | श्री अच्यूत तिवारी | |
| ७ | वडाध्यक्ष | श्री नारायण प्रसाद लामिछाने | |
| ८ | वडाध्यक्ष | श्री नविन कुमार श्रेष्ठ | |
| ९ | वडाध्यक्ष | श्री केशर पन्त | |
| १० | वडाध्यक्ष | श्री मनबहादुर कुँवर | |
| ११ | वडाध्यक्ष | श्री हितमान गुरुङ | |
| १२ | वडाध्यक्ष | श्री अमरबहादुर क्षेत्री | |
| १३ | वडाध्यक्ष | श्री रुद्रबहादुर पाठक | |
| १४ | कार्यपालिका सदस्य | श्री दुर्गाकुमारी शर्मा | |
| १५ | कार्यपालिका सदस्य | श्री भगवती पौडेल | |
| १६ | कार्यपालिका सदस्य | श्री सावित्रा कुमारी शर्मा | |
| १७ | कार्यपालिका सदस्य | श्री सुनिता शर्मा | |
| १८ | कार्यपालिका सदस्य | श्री कला नेपाली | |
| १९ | कार्यपालिका सदस्य | श्री नेत्र बहादुर बि.क. | |
| २० | कार्यपालिका सदस्य | श्री चन्द्र बहादुर नेपाली | |
| २१ | कार्यपालिका सदस्य | श्री बाबुराम विश्वकर्मा | |
| २२ | का.वा. वडाध्यक्ष फनपा ९ | श्री दुर्गाराज सुबेदी | |
| २३ | सचिव | श्री भोला प्रसाद चापागाईं | |

(आ.व. २०८३।०८४ को दोस्रो बैठक)

# फलेवास नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय, पर्वत

२०८३/०५/०४ गतेको कार्यपालिका बैठकका निर्णयहरु:

*निर्णयहरु:*

१ अघिल्लो कार्यपालिका बैठकमा भएका निर्णयहरु र उक्त निर्णयहरुको कार्यान्वयनको अवस्थाका सम्बन्धमा समिक्षा भयो ।

२ नेपाल मध्यस्थता परिषद् (नेप्का) को चलानी नं. ८१/०८२/०८३ (१२ अगस्त २०२६) मा प्राप्त पत्र अनुसार मध्यस्थता र प्रशासनिक खर्च बापत २,६५,०००।- (अक्षेरुपी दुई लाख पैसठ्ठी हजार रुपैयाँ) नेपाल मध्यस्थता परिषद्को खातामा जम्मा गर्नुपर्ने हुनाले 'मनमोहन शान्ति बाटिका निर्माण ठेक्का सम्बन्धि न्यायिक मध्यस्थता खर्च' शिर्षकबाट नेपाल मध्यस्थता परिषद्को नबिल बैंक लिमिटेडको खातामा जम्मा गर्न कार्यालयको आर्थिक प्रशासन शाखालाई निर्देशन दिने ।

३ भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीलाई जग्गा उपलब्ध गराउने सम्बन्धमा अगाडि बढेको प्रकृयालाई पूर्ण रुप दिन सम्बन्धित विषयको प्राविधिक कर्मचारीको आवश्यक भएको हुनाले सेवा करारमा एक जना अमिन/सर्भेक्षक/नापी अधिकृत नियुक्त गर्ने ।

४ नेपाल सरकार मन्त्रिपरिषद्बाट २०८३ बैसाख २ गते स्वीकृत "संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धि मापदण्ड २०८२" अनुसार यस नगरपालिकाले पनि उक्त मापदण्ड अनुरुप मौजुदा संगठन संरचनामा थप अध्ययन र पुनः सर्वेक्षण गरी पुनरावलोकन गर्नुपर्ने भएको हुनाले मिति २०८२।१०।२२ को नगर कार्यपालिकाको बैठकले दिएको पूर्व स्वीकृति अनुसार उक्त मापदण्डको परिच्छेद २, दफा ७ को (इ) बमोजिमको समितिले तयार पारेको फलेवास नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन, २०८३ को मस्यौदा उक्त मापदण्डको परिच्छेद ४ को दफा १२ को (२) बमोजिम नगरसभाबाट स्वीकृत गर्नुपूर्व मुल्याङ्कनका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी प्रदेश पोखरामा पठाउने प्रावधान भएको हुनाले पुनरावलोकनका लागि लेखी पठाउने ।

५ गाउँपालिका/नगरपालिकाको सिमाना हेरफेर, वडाको संख्या तथा सिमाना हेरफेर र नगरपालिका वर्गीकरणको पुनरावलोकन सम्बन्धि मापदण्ड, २०८३ को परिक्षेद ३ दफा ५ अनुसारको जिल्लास्तरीय समितिको मिति २०८३।०४।२८ को निर्णयको व्यहोरा कार्यपालिकाको बैठकमा पेश हुँदा यस नगरपालिकाको वर्तमान सिमाना तथा वडा संख्या हाललाई यथावत कायम राख्ने सर्वसम्मत निर्णय भएको व्यहोरा उक्त अध्ययन समितिलाई लेखि पठाउने ।

६ फलेवास नगरपालिकाको वडा नं. ४ मुडिकुवास्थित सुशिला रिजाल र चेतनाथ कुँवरको घरमा पालेका गाईमा मिति २०८३।०४।२९ गते महामारीजन्य लम्पीस्किन रोग देखिएको हुँदा नगरपालिका अन्तर्गत सबै वडाका अन्य पशुवस्तुमा समेत उक्त महामारीजन्य रोग फैलने सम्भावना भएकोले किसानहरुले पालेका पशुधनको संरक्षणका लागि उक्त महामारी फैलन नदिन तत्काल यस नगरपालिकाको पशु विकास शाखा र अन्तर्गत कार्यरत सबै प्राविधिक कर्मचारीहरुलाई तत्काल उक्त महामारी नियन्त्रण गर्न पालिकाभरका सबै पशुवस्तुहरुमा लम्पिस्किन विरुद्धको खोप लगाउन खटाइएको हुँदा उक्त कार्यमा खटिने कर्मचारीहरुलाई सम्बन्धित वडा कार्यालयको सिफारिसका आधारमा प्रति व्यक्ति प्रति दिन खाना/खाजा बापत दैनिक रु १०००।- उपलव्ध गराउने ।

७ फलेवास नगरपालिका र अन्तर्गत अस्थायी, करार सेवामा समान तहमा कार्यरत कर्मचारीहरुको सेवासुविधा असमान भएकोमा समान हुनुपर्ने भनी पटक-पटक गुनासो आएको सन्दर्भमा छलफल हुँदा सो सम्वन्धमा समान तहमा कार्यरत कर्मचारीहरुको सेवा सुविधा समान गराउन सुशासन तथा संस्थागत समितिका संयोजक श्री गंगानारायण श्रेष्ठको संयोजकत्वमा आर्थिक प्रशासन शाखा समेतको सहभागिता रहनेगरी तपशिल बमोजिमको समितिले आवश्यक स्रोतको समेत पहिचान गरी आगामी १० दिनभित्र प्रतिवेदन पेश गर्न निर्देशन दिने ।

*तपशिल*

| | |
|---|---|
| संयोजक: | श्री गंगानारायण श्रेष्ठ (संयोजक शुसासन तथा संस्थागत समिति) |
| सदस्य: | श्री बिष्णु प्रसाद पाध्या (सदस्य शुसासन तथा संस्थागत समिति) |
| सदस्य: | श्री गोकुल बहादुर क्षेत्री (सदस्य शुसासन तथा संस्थागत समिति) |
| सदस्य: | श्री माया नेपाली (सदस्य शुसासन तथा संस्थागत समिति) |
| सदस्य सचिव: | श्री भरत भुषाल (लेखा अधिकृत) |

८ फलेवास नगरपालिका वडा नं. १० र ११ को सिमाना स्थित नुवाँखर्क, नेवारे, डाँडाकटेरी, भुषालखर्क कृषि सडक निर्माण गर्ने क्रममा हालैको वर्षापछि आएको बाढी र पहिरोका कारण वडा नं. १० स्थित बिशाल चौतारी कृषि तथा पशुपंक्षी फर्ममा क्षति पुगेको हुँदा उक्त फर्मका सञ्चालक दधिराम कुँवरलाई राहत स्वरुप रु २० हजार नगद, संघीय शसर्त अनुदान मार्फत प्राप्त साना सिंचाई कार्यक्रम र ११० गोटा सुन्तलाका बिरुवा उपलव्ध गराउने ।

९ फलेवास नगरपालिका वडा नं. ६ स्थित माझिगाउँ प्राविका तत्कालिन शिक्षक खिल प्रसाद पौडेलले उच्च अदालत पोखरा बाग्लुङ इजलासमा आफ्नो सेवासुविधा र पदमा पुनः बहाली गरिपाउँ भनी दिएको निवेदनमा सम्मानित उच्च अदालतले यस नगरपालिकाको नाउँमा उक्त विषयमा यकिन निर्णय गर्नू भनी परमादेश जारी गरेको हुँदा यस नगरपालिकाको न्यायिक समितिको मिति २०८३।०५।०१ गतेको निर्णय बमोजिमको आवश्यक कानूनी राय माग गर्न शिक्षा विकास तथा समन्वय इकाई कुश्मा पर्वत मार्फत शिक्षा बिभाग सानोठिमी भक्तपुरमा पठाउने ।

१० यस नगरपालिकामा कार्यरत तपशिलमा उल्लिखित स्थायी कर्मचारीहरुको संलग्न सूचि बमोजिम आर्थिक वर्ष ०८३।०८४ का लागि तलवी प्रतिवेदन स्वीकृत गर्ने ।